# स्थानीय सरकार
# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४


पत्र संख्याः २०८३/०८४ (प्रशासन शाखा)
चलानी नम्बर :

मितिः २०८३/०५/१० गते
ने.स.११४६, गुंलाथ्व, त्रयोदशी

## प्रेस विज्ञप्ति

आज मिति २०८३ भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण टिमुरे, स्याफ्रुबेंसी लगायतका क्षेत्रमा ठूलो जनधन तथा भौतिक संरचनामा क्षति पुगेको घटनाप्रति यस आठविसकोट नगरपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखद् प्राकृतिक विपद् मा परी ज्यान गुमाउनु भएका सम्पूर्ण मृतक प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ। साथै, बाढीबाट प्रभावित, घाइते तथा विस्थापित सम्पूर्ण नागरिक प्रति हार्दिक ऐक्यबद्धता प्रकट गर्दछौँ।

यस कठिन र दुःखद् घडीमा प्रभावित नागरिकहरूलाई धैर्य, साहस र उच्च मनोबलका साथ विपद्को सामना गर्न आग्रह गर्दछौं विपद्को यस घडीमा राज्यका सम्पूर्ण संयन्त्र, सुरक्षा निकाय, स्थानीय तह, सामाजिक संघ–संस्था तथा नागरिक समाजबीचको सहकार्य र एकताबाट उद्धार, राहत तथा पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउन सकिने विश्वास लिएका छौँ। यस आठविसकोट नगरपालिका प्रभावित नागरिकको उद्धार, राहत, पुनःस्थापना तथा आवश्यक सहयोगका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गर्न प्रतिबद्ध रहेको जानकारी गराउँदछौं।

साथै,

नदी तथा खोला आसपास र अन्य जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकहरूलाई उच्च सतर्कता अपनाउन, सुरक्षित स्थानमा रहन तथा सम्बन्धित सरकारी निकायबाट जारी हुने आधिकारिक सूचना र निर्देशनको पालना गर्न हार्दिक अनुरोध गर्दछौँ। अपुष्ट सूचना तथा अफवाहमा विश्वास नगर्न र विपद्को समयमा एकअर्कालाई सहयोग गर्न समेत अनुरोध गर्दछौँ।

२०८३/०५/१०

.............................
(धनकुमारी शाही)
का.वा. नगर प्रमुख

धन कुमारी शाही
का.वा. नगर प्रमुख